# देवदह नगरपालिका, नगर कार्यपालिकाको २०८२ चैत्र १८ गतेको बैठकको निर्णयहरु

| निर्णय नं. | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|
| १ | आ.व. २०८३/०८४ का लागि तराई-मधेश समृद्धि कार्यक्रम अन्तर्गत योजनाहरु छनौट गरी पठाउने । | |
| २ | चालु आर्थिक वर्ष ०८२/०८३ मा सडक बोर्ड नेपालद्धारा विनियोजित बजेटबाट स्थानीय सडक मर्मत सम्भार कार्यको लागि कार्यक्रम स्वीकृत गरी सहमतिका लागि पेश गर्ने । | |
| ३ | "वैकल्पिक सहायक राजमार्ग कार्यक्रम" को लागि नगरपालिका अन्तर्गत रहेका सडकहरु सिफारिस गर्ने । | |
| ४ | देवदह नगरपालिकालाई विपक्षी बनाई दायर भएको परमादेशसमेत (मु.नं. ०८२-WO-०२४४) मुद्दाका सम्बन्धमा कानुन शाखा प्रमुख (प्रशासकीय अधिकृत) श्री विष्णु प्रसाद बस्याललाई अख्तियारी दिने। | |
| ५ | आर्थिक वर्ष २०८३/८४ मा कार्यान्वयन गर्ने आयोजनाहरुका लागि बजेट व्यवस्थापन गर्न सम्बन्धित मन्त्रालयमा अनुरोध गर्ने । | |
| ६ | नदीजन्य पदार्थको लगानी शिर्षकमा विनियोजित रकम रु. ४०,००,०००/- लाई नदीजन्य पदार्थ उत्खनन् तथा व्यवस्थापन गरिएका सम्बन्धित स्थान तथा क्षेत्रमा तटबन्ध वा विपद् व्यवस्थापन समबन्धी कार्य गर्न देहाय बमोजिम बजेट बाँडफाँड गर्ने । | |
| ७ | वन निर्देशनाल, बुटवल, रुपन्देहीलाई वार्षिक कार्यक्रम संशोधनका लागि लेखि पठाउने। | |
| ८ | नदीजन्य पदार्थ उत्खनन् सम्बन्धी कार्यको अनुमतिका लागि प्रक्रिया अगाडी बढाउने र चुरे क्षेत्र बाहेका हकमा नगरपालिकाले ठेक्का प्रक्रियाको कार्य अगाडी बढाउने । | |
| ९ | राष्ट्रिय आर्थिक गणना सञ्चालनसम्बन्धी प्रशासनिक तथा आर्थिक मापदण्ड २०८२ को दफा १७ बमोजिम "स्थानीय आर्थिक गणना समन्वय समिति" गठन गर्ने । | |
| १० | देवदह नगर अस्पताल (MUN-HPTL-BLD-23-076/77) आयोजनाको म्याद थप गर्ने । | |
| ११ | देवदह नगरपालिका भित्र रहेका संचार माध्यम शिर्षकमा विनियोजित रकम रु. १० लाखबाट कार्यालयको सूचना, विज्ञापन आदि प्रसारण/सम्प्रेषण गर्न मिडियाहरुलाई रकम उपलब्ध गराउने । | |